नगर कार्यपालिकाको कार्यालय, लमही, दाङ, लुम्बिनी प्रदेश, नेपाल


लमही नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

लमही, दाङ

लुम्बिनी प्रदेश, नेपाल ।

फोन नं. : ०८२-५४०८५०


लमहीनगरपालिका, नगरकार्यापालिकाको कार्यालय लमही दाङले स्थानीय सरकार संचालन ऐन, २०७४को दफा ११ को घ(६) ले दिएको अधिकार प्रयोग गरी यस नगरपालिकाको मिति ०७९/०३/१० गतेको दोस्रो नगरसभा प्रथम अधिवेशनबाट पारित दररेटमा तपशिलमा उल्लेखित आय शिर्षकमाहरूमा न्युनतम ठेक्का अंक नघटने गरी आ.व.०७९/०८०का लागि ठेक्का बन्दोवस्त गर्नुपर्ने भएकोले E-Bidding मार्फत बोलपत्र आव्हानको गरिएको छ ।

## बोलपत्र आव्हान सम्वन्धी सूचना ।

प्रथम पटक प्रकाशित मिति:२०७९/१०/२०

| सि.न. | कर विषय (शिर्षक) | कार्यालयको न्युनतम अंक (रू.) | दरभाउ पत्र फाराम दस्तुर (रू.) | ठेक्का अवधि | खरिद तथा दाखिला गर्ने म्याद |
|---|---|---|---|---|---|
| आय ठेक्का नं. ०२ ०७९/०८० | ढुंगा,गिट्टी,बालुवा,माटो,काठ, दाउरा,जराजुरी आदि प्राकृतिक वस्तुको विक्री तथा निकासी शुल्क,दस्तुर संकलन | ३३,३३,३३३/- (तेत्तीस लाख तेत्तीस हजार तीन सय तेतीस) (मू.अ.कर बाहेक) | ३००० /– (फिर्ता नहुनेगरी) | ०८० असार मसान्त | ३०दिन |

**आवश्यक कागजात तथा शर्तहरु:**

१.आ.ब.०७८/०७९ सम्मको लागि नविकरण भएको फर्म वा कम्पनीको इजाजतपत्रको प्रतिलिपी, मूल्य अभिवृद्धि करमा दर्ता प्रमाणपत्रको प्रतिलिपी र आ.ब.०७८/०७९ सम्मको करचुक्ता प्रमाणपत्रको प्रतिलिपी साथै अन्य आवश्यक कागजातको प्रतिलिपीका साथ बोलपत्र फाराम पेश गर्नुपर्ने छ।

२. बोलपत्र सूचना प्रथम पटक प्रकाशित मितिले ३० दिन भित्र बोलपत्र दस्तुर दर्ता प्रमाणपत्र सहित राष्ट्रिय वाणिज्य बैंकको लमही शाखामा रहेको आन्तरिक राजश्व खाता नं ४२९०१००३०१०१०००२ मा जम्मा गरेको सक्कल भौचरको scan copy पेश गरी www. bolpatra. gov. np /egp बाट बोलपत्र खरिद गरी ३१औं दिनको १२:०० बजेभित्र रित पुर्वकको बोलपत्र पेश गर्नुपर्नेछ।

३.बोलपत्रदाताहरुले धरौटी बापतको कबोल गरेको अंकको (मूल्य अभिबृद्धि कर बाहेक) ५ प्रतिशतले हुन आउने धरौटी रकम यस कार्यालयको लमही शाखामा रहेको राष्ट्रिय वाणिज्य बैंकको धरौटी खाता नं

प्रमुख प्रशासकीय अधिकृत

CamScanner

४२९०१००३०३००००००२ मा जम्मा गरेको सक्कल बैंक भौचर वा १२० दिन सम्म मान्य अवधि भएको बैंकले जारी गरिएको सक्कल जमानतपत्र पेश गर्नुपर्ने छ ।

४. E-Bidding मार्फत पेश हुन आएका बोलपत्रहरु ३१औं दिन, दिनको २:०० बजे यस कार्यालयमा कार्यालयका प्रतिनिधिहरू एवं बोलपत्रदाताहरु वा निजको प्रतिनिधिको रोहवरमा खेलिने छ। बोलपत्रदाता वा निजका प्रतिनिधीहरु उपस्थित नभएमा पनि बोलपत्रहरु खोल्न बाधा पर्नें छैन।

५. बोलपत्र खरिद गर्ने, दखिला गर्ने र खोल्ने अन्तिम दिन सार्वजनिक विदा पर्न गएमा लगतै सो को भोलिपल्ट कार्यालय खुलेको दिन हुनेछ।

६.बोलपत्रमा निर्धारित न्युनतम अंक नघटने गरी आफुले कवोल अंकको (मूल्य अभिवृद्धि कर बाहेक) ठेक्का रकम स्पष्ट बुझिने गरी अंक र अक्षरमा उल्लेख गर्नुपर्ने छ । अंक र अक्षर फरक परेमा अक्षरमा लेखिएको रकमलाई मान्यता दिइनेछ ।

७. म्याद नाघि आएको र रित नपुगेको दरभाउपत्र माथि कुनै कारबाही गरिने छैन।

८.बोलपत्र स्वीकृत भएको सूचना पाएको मितिले ७ दिन भित्र सम्बन्धित ठेक्काको मु. अ. कर बाहेक ठेक्का अंकको रकम यस कार्यालयमा र कबोल अंकको १३ प्रतिशतले हुन आउने मू. अ. कर र १.५ प्रतिशतले हुन आउने अग्रिम आय कर रकम आन्तरिक राजश्व कार्यालयमा दाखिल भएको प्रमाण सहित कबोल अंकको शत प्रतिशतले हुन आउने रकम यस कार्यालयको लमही शाखामा रहेको राष्ट्रिय वाणिज्य बैकको आन्तरिक राजश्व खाता नं ४२९०१००३०१०१०००२ मा दाखिला गरी सम्झौता हुनेछ।

९.ठेक्का कबोल गर्ने ठेकेदारले नगरपालिकाले तोकेको कर उठाउदा प्रयोग गर्ने सिलसिलेवार नम्बर भएका रसिदहरू आफ्नो तर्फबाट तीन प्रतिका दरले छपाई सो रसिदहरू यस कार्यालयबाट प्रमाणित गराई प्रयोग गर्नु पर्नेछ । प्रमाणित नगरेको रसिदबाट कर उठाएको उजुरी वा जानकारी आएमा ,नक्कली रसिद,छाप र दस्खत प्रयोग गरेको पाइएमा पहिलो पटक रू.५०००।पुन दोहोरिएमा पटकै पिच्छे रू.१०,०००। जरिवाना र धरौटी जफत गरि ठेक्का तोड्न सकिनेछ ।

१०. कर असुल गर्ने स्थानमा निकासी करको दररेट राखी कर व्यवस्थापन गर्न सकिनेछ । राष्ट्रिय राजमार्ग वा सहायक मार्गहरूमा घाट राखी कर लिन पाइनेछैन ।

११.प्रचलित कानुन अनुसार लाग्ने कर तथा दस्तुर ठेकेदार स्वयंले नै व्यहोर्नु पर्नेछ।

१२.तोकिएको न्युनतम अंकमा बढाबढ गरी सवै भन्दा बढी अंक कवोल गरेको बोलपत्र दातालाई छनोट गरिनेछ।

१३.प्राप्त बोलपत्र स्वीकृत गर्ने नगर्ने सम्पूर्ण अधिकार नगरपालिकामा सुरक्षीत रहने छ।

१४.नगरपालिकाको क्षेत्रभित्रको काठ निकासी ठेक्कामा सम्वन्धित डिभिजन वन कार्यालयको चलानीको आधारमा कर असुल गर्नुपर्नेछ।

१५.पूर्ण विवरणको सुचना यस कार्यालयको सुचनापाटीमा टाँस गरिएको छ, विस्तृत जानाकारीका लागि कार्यालय समयमा यस कार्यालयको सम्पर्क नम्वर ०८२- ५४०८५०मा सम्पर्क राख्न सकिनेछ ।

१६. अन्य शर्त तथा वन्देज एवं शुल्क लिने दररेट सम्वन्धि विस्तृत विवरण बोलपत्र फारम साथ संग्लन रहनेछ।

१७.यस सुचनामा उल्लेख नभएको कुराको हकमा प्रचलित कानून बमेजिम हुनेछ।

लमही नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
लमही, दाङ
लुम्बिनी प्रदेश, नेपाल

गेहेन्द्र वहादुर डाँगी
प्रमुख प्रशासकीय अधिकृत
**प्रमुख प्रशासकीय अधिकृत**

CS CamScanner